नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं,असोज१४गते२०५३साल (अतिरिक्ताङ्क३३ (क)

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबारको सूचना १

माननीय गृह मन्त्री श्री खुमबहादुर खड्का निजी कामको सिलसिलामा २०५३ साल असोज १४ गते केही दिनको लागि भारततर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको गृह मन्त्रालय र माननीय शिक्षा मन्त्री श्री गोविन्दराज जोशीको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको शिक्षा मन्त्रालयको कार्यभार माननीय गृह मन्त्री फर्कनु भएपछि उहाँले नै सम्हाल्ने गरी उहाँ नफर्कनु भएसम्म सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय सूचना तथा सञ्चार मन्त्री श्री चिरन्जीवी वाग्लेले सम्हाल्नु हुनेछ ।

सूचना २

माननीय जनसंख्या तथा वातावरण मन्त्री श्री प्रकाशमान सिंह वातावरण, व्यापार र दिगो विकाससम्बन्धी सम्मेलनमा भाग लिन २०५३ साल असोज १३ गते स्वीट्जरल्याण्डको जेनेभा जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय सामान्य प्रशासन मन्त्री श्री विमलेन्द्र निधिले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।